# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, वैशाख ५ गते २०२८ साल [अतिरिक्ताङ्क २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२८ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## स्थानीय प्रशासन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश

प्रस्तावनाः– स्थानीय प्रशासन सम्बन्धी कानूनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरूप तत्काल संशोधन र एकीकरण गर्न वान्छनीय भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस अध्यादेशको नाम "स्थानीय प्रशासन अध्यादेश, २०२८" रहेको छ ।

(२) यो अध्यादेश नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमाः–

(क) "अञ्चलाधीश" भन्नाले नेपालको संविधानको धारा ८६ क. बमोजिम नियुक्त अञ्चलाधीश सम्झनुपर्छ ।

(ख) "प्रमुख जिल्ला अधिकारी" भन्नाले श्री ५ को सरकारबाट नियुक्त प्रमुख जिल्ला अधिकारी सम्झनुपर्छ ।

### परिच्छेद–२
### अञ्चल र जिल्ला विभाजन

३. अञ्चल तथा जिल्ला विभाजनः– (१) प्रशासनको प्रयोजनको लागि नेपाल अधिराज्यलाई विभिन्न अञ्चल तथा जिल्लाहरूमा विभाजन गरिएको छ र प्रत्येक जिल्लालाई गाउँ सभा वा नगर पञ्चायतका इलाकाहरूमा विभाजन गरिएको छ ।

(२) विभिन्न अञ्चल तथा जिल्लाहरूको संख्या र नाम यस अध्यादेशको अनुसूचीमा उल्लेख भएबमोजिमको हुनेछ । नगर पञ्चायत र गाउँ सभाहरूको संख्या र नाम श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रद्वारा सूचना प्रकाशित गरी तोकी दिएबमोजिमको हुनेछ । श्री ५ को सरकारले अन्यथा निर्णय गरेमा बाहेक नेपाल अधिराज्यभर गाउँ सभाहरूको संख्या चार हजारभन्दा बढी हुने छैन ।

(३) प्रत्येक अञ्चलको क्षेत्र र अञ्चल सभाको क्षेत्र एउटै हुनेछ । प्रत्येक जिल्लाको क्षेत्र र जिल्ला सभाको क्षेत्र एउटै हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–३
## अञ्चल र जिल्ला प्रशासन

४. अञ्चल प्रशासनः– (१) अञ्चलाधीश आफ्नो अञ्चलमा श्री ५ को सरकारको मुख्य प्रशासकीय अधिकारी हुनेछ र श्री ५ को सरकारबाट निर्धारित नीति अनुरूप समन्वयात्मक तरीकाले अञ्चल एवं जिल्लाको सामान्य प्रशासन संचालन गर्ने गराउने उत्तरदायित्व निज माथि रहनेछ ।

(२) अञ्चलाधीशको काम, कर्त्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) अञ्चलमा शान्ति, सुव्यवस्था एवं सुरक्षा कायम गर्ने ।

(ख) अञ्चलभित्रको सामान्य प्रशासन तथा निर्माण एवं विकास कार्यहरूको सामान्य रेखदेख, नियन्त्रण र समन्वय गर्ने ।

(ग) अदालत र शाही सेना बाहेक श्री ५ को सरकारको अञ्चल एवं जिल्ला स्तरीय सरकारी कार्यालयहरूको काम कारवाईमा समन्वय ल्याउने, ती काम कारवाईहरू श्री ५ को सरकारको नीति निर्देशनबमोजिम भए नभएको अध्ययन र निरीक्षण गरी अञ्चल स्तरीय कार्यालय भए सो कार्यालयको प्रमुख मार्फत र नभए स्थानीय प्रमुख जिल्ला अधिकारी मार्फत उचित मार्ग प्रदर्शन र निर्देशन गर्ने र ती कार्यालयहरूले समय समयमा मागेको सहयोग पुऱ्याउने ।

(घ) अञ्चलभित्रका सम्पूर्ण जिल्ला पञ्चायतहरूको काम कारवाईको अध्ययन गरी दुई वा दुईभन्दा बढी जिल्ला पञ्चायतहरूको कार्यक्रमहरूमा समन्वय गर्ने ।

(ङ) स्थानीय पञ्चायत र वर्गीय तथा व्यावसायिक संगठनहरूको माध्यमद्वारा जिल्लाहरूमा जिल्ला विकास केन्द्रहरूको स्थापना गर्ने ।

(च) अञ्चलभित्रका विभिन्न तहका पञ्चायत एवं वर्गीय तथा व्यावसायिक संगठनहरूमा सामन्जस्यता ल्याउने कार्यहरू गर्ने ।

(छ) यस अध्यादेशमा उल्लेख गरे अनुसारको तथा अन्य प्रचलित नेपाल कानूनमा निजलाई भएको तथा अन्य प्रचलित नेपाल कानून अन्तर्गत निजलाई प्रत्यायोजन भएको अन्य अधिकारको प्रयोग र कर्त्तव्यको पालन गर्ने ।

(ज) अञ्चलभित्र रहेका श्री ५ को सरकारको सबै सम्पत्तिको देखभाल, स्याहार-संभार र मर्मत भए नभएको हेर्ने र नभएको भए आवश्यक रेखदेख पुऱ्याउन लगाउने ।

(झ) श्री ५ को सरकारले समय समयमा सामान्य वा विशेष रूपमा दिएको आदेश र निर्देशन अनुसार अन्य काम कारवाई गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अञ्चलाधीशले प्रत्येक वर्षमा कम्तिमा २ पटक आफ्नो अञ्चलको प्रत्येक जिल्लामा भ्रमण गर्नु पर्दछ । त्यसरी भ्रमण गर्न जाँदा प्रत्येक जिल्लामा बाटोको म्याद बाहेक कमसेकम १० दिन अनिवार्य रूपले मुकाम गर्नु पर्दछ ।

(४) विदेशी मुलुकसंग सीमाना जोडिएको अञ्चलको अञ्चलाधीशले वर्षको एक पटक आफ्नो कार्यालयको राजपत्रांकित अधिकृत स्तरको कुनै कर्मचारीलाई सीमानाको जाँच गर्न पठाउनु पर्दछ र आवश्यक भएमा आफैं पनि जानु पर्दछ । त्यसरी जाँच गर्दा सीमाना घट्न गएको देखिन गएमा अञ्चलाधीशले तुरुन्त श्री ५ को सरकार परराष्ट्र मन्त्रालयमा जाहेर गर्नु पर्दछ ।

५. जिल्ला प्रशासनः– (१) जिल्लाको शान्ति, सुरक्षा एवं सुव्यवस्था कायम गर्न तथा सम्बन्धित अञ्चलाधीशको नियन्त्रण र निर्देशनमा जिल्लाको सामान्य प्रशासन संचालन गर्नको लागि श्री ५ को सरकारले प्रत्येक जिल्लामा प्रमुख प्रशासकीय अधिकारीको रूपमा एक जना प्रमुख जिल्ला अधिकारी नियुक्त गर्नेछ ।

(२) प्रमुख जिल्ला अधिकारीको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) जिल्लामा शान्ति, सुव्यवस्था एवं सुरक्षा कायम गर्ने ।

(ख) श्री ५ को सरकारको सम्बन्धित मन्त्रालय वा विभागहरूद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत जिल्ला स्तरीय कार्यक्रमहरू समन्वयात्मक रूपबाट सूचारु रूपले संचालन गर्न जिल्ला स्तरीय सरकारी कार्यालयहरूको काम कारवाईको रेखदेख र नियन्त्रण गर्ने ।

(ग) जिल्ला भित्रका सम्पूर्ण गाउँ तथा नगर पञ्चायतहरूको काम कारवाईको अध्ययन गरी तिनीहरूलाई विकास कार्यमा आवश्यकता अनुसार उचित सल्लाह र सहयोग प्रदान गर्ने र दुई वा दुईभन्दा बढी गाउँ तथा नगर पञ्चायतहरूको कार्यक्रममा समन्वय गर्ने ।

(घ) स्थानीय पञ्चायत र वर्गीय तथा व्यावसायिक संगठनहरूको माध्यमद्वारा जिल्ला विकास केन्द्रहरूको कार्य संचालन गर्ने ।

(ङ) सरकारी कार्यालयहरूको सहयोगबाट गर्नुपर्ने काम कुराको सम्बन्धमा छलफल र निर्णय हुँदा र आमन्त्रित गरिएको अवस्थामा पनि जिल्ला सभा तथा जिल्ला पञ्चायतको बैठकमा अनिवार्य रूपले भाग लिने र जिल्ला सभा तथा जिल्ला पञ्चायतले प्रचलित नेपाल कानून अन्तर्गत रही गरेको निर्णयहरूलाई जिल्ला स्तरीय सरकारी कार्यालय प्रमुखहरूको सक्रिय सहयोगबाट कार्यान्वित गर्ने र गर्न लगाउने ।

(च) श्री ५ को सरकार वा सम्बन्धित अञ्चलाधीशले समय समयमा दिएका आदेश वा निर्देशन अनुसार अन्य काम कारवाही गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) जिल्ला भित्र रहेका श्री ५ को सरकारको सबै सम्पत्तिको देखभाल स्याहार संभार र मर्मत भए नभएको हेर्ने र नभएको भए आवश्यक रेखदेख पुऱ्याउन लगाउने ।

(ज) यस अध्यादेशमा उल्लेख भए अनुसारको तथा अन्य प्रचलित नेपाल कानूनमा निजलाई भएको वा प्रचलित नेपाल कानून अनुसार निजलाई प्रत्यायोजित भएको अन्य अधिकारको प्रयोग गर्ने ।

(झ) श्री ५ को सरकार वा सम्बन्धित अञ्चलाधीशद्वारा समयसमयमा प्रत्यायोजित गरिएका अधिकारहरूको प्रयोग र कर्त्तव्यहरूको पालन गर्ने ।

६. शान्ति सुरक्षा कायम गर्नेः– (१) श्री ५ को सरकार तथा पञ्चायत व्यवस्थालाई खलल पुऱ्याउने वा त्यस प्रति अनास्था पैदा हुने वा कुनै हिंसात्मक काम कारवाई हुने वा चोरी डकैती वा हुलदङ्गा हुने आशंका भएमा त्यस्तो कार्यलाई रोक्न अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिम गर्नु पर्दछ :–

(क) कुनै सभा जुलुस वा अन्य काम कारवाईबाट शान्ति भङ्ग हुने संभावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले नियन्त्रण गर्न नसकेकोमा सम्बन्धित ठाउँमा तुरुन्त आफै गई वा आफु मातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाई र नसकेमा लाठी चार्ज, अश्रुग्यांस, फोहोरा, हवाई फायर समेत आवश्यकतानुसार जो गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने ।

(ख) खण्ड (क) अनुसार शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नु भन्दा अगाडि भिडलाई हट्दैनौ भने गोली चलाइने छ भनी स्पष्टसंग सो भिडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भिड हट्टेन र गोली चलाउनु पर्ने नै भयो भने गोली चलाउनको निमित्त आदेश लेखि सही गरिदिने ।

तर गोली चलाउँदा सकभर घुंडा मुनी पारी गोली चलाउनु पर्दछ ।

(ग) कुनै ठाउँमा अनुचित आन्दोलन वा हुलदङ्गाको शंका देखाइ प्रहरी वा अन्य कुनै श्रोतबाट खबर प्राप्त भएमा परिस्थितिको विचार गरी आवश्यक भएमा सुरक्षाको निमित्त समय र स्थान तोकी आवत जावत निषेध गर्ने र निषेध गरिएको स्थान र समयभित्र कसैलाई आवत जावत गर्न इजाजत दिंदा गोप्य शंकेत शब्दलिई मात्र आवत जावत गर्न पाउने गरी इजाजत दिने र त्यस्तो आदेश दिए पछि त्यस्को जानकारी तुरुन्त श्री ५ को सरकार गृह पञ्चायत मन्त्रालयमा दिने । प्रमुख जिल्ला अधिकारीले त्यस्तो आदेश दिएकोमा त्यस्को जानकारी अञ्चलाधीश कार्यालयलाई पनि दिनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अञ्चल वा जिल्लामा शान्ति सुरक्षा कायम गर्न समयत्ले भ्याएसम्म लिखित र नभ्याएमा मात्र मौखिक आदेश आवश्यकतानुसार प्रहरी अधिकृतलाई दिने र मौखिक आदेश दिएकोमा समय पाउना साथ बढीमा २४ घण्टाभित्र सो आदेशलाई लिखित रूपमा समर्थन गर्ने ।

(२) अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले आफ्नो अञ्चल वा जिल्लामा शान्ति भंग हुने वा नेपाल अधिराज्यलाई हानी नोक्सानी पुग्ने कुनै काम कुरा भैरहेको वा हुन लागेको छ छैन भन्ने कुरा नियमित रूपले प्रहरी, गुप्तचर वा अन्य कुनै व्यक्तिको मद्दतले पत्ता लगाउनु पर्दछ र यस सम्बन्धमा अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीको आदेश एवं निर्देशन प्रहरी र गुप्तचर विभागका कर्मचारीहरूले तुरुन्त पालन गर्नु पर्दछ ।

(३) कसैले कुनै काम गर्न लाग्दा वा कहीं केही वस्तु रहंदा वा कसैले राख्दा हुल-दङ्गा भई शान्ति सुरक्षा भंग हुने वा कसैलाई वाधा विरोध पर्ने वा जनस्वास्थ्यलाई खराब असर पर्ने सम्भावना भएमा अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिमको आदेश दिन सक्नेछ र सो आदेश एक पटकमा छ महीना भन्दा बढी अवधिको हुने छैन ।

(क) कसैलाई कुनै काम गर्न दिन निषेध गर्ने ।

(ख) कुनै वस्तु वा सम्पत्तिको मालिक वा व्यवस्थापक वा प्रमुखलाई सो वस्तु वा सम्पत्ति सो ठाउँबाट हटाउन आदेश दिने वा सो ठाउँमा कुनै काम गर्न निषेध गर्ने ।

(४) उप-दफा (३)बमोजिम अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले कसैलाई कुनै आदेश दिंदा सो दिनु पर्ने कारण लेखी सम्बन्धित व्यक्तिको नाममा सूचना पठाउनु पर्दछ । सम्बन्धित व्यक्ति फेला नपरेमा काम नरोक्ने गरी प्रचलित नेपाल कानून बमोजिम सूचना टाँस गर्नु पर्दछ। उपरोक्त सूचनामा उल्लेख गरिएको आदेशलाई आदेश दिने अधि-कृतले आफ्नो स्वविवेकले आवश्यकतानुसार संशोधन वा खारेज गर्न सक्नेछ ।

उपरोक्त आदेश उपर कसैलाई चित्त नबुझेमा निजले आदेश निकालेको मितिले ३५ दिन भित्र अञ्चलाधीशको आदेश उपर श्री ५ को सरकार समक्ष र प्रमुख जिल्ला अधिकारीको आदेश उपर अञ्चलाधीशसमक्ष उजूर गर्न सक्नेछ ।

(५) जिल्ला भित्र जग्गा जमीन, पानी सांध सीमाना बारे शान्ति भंग हुन जाने जस्तो झगडा भएको वा हुन लागेको छ भन्ने प्रहरीको प्रतिवेदनबाट थाहा हुन आएमा प्रमुख जिल्ला अधिकारीले पर्चा खडा गरी सम्बन्धित झगडियाहरूलाई आफ्नो कार्यालयमा यथाशीघ्र झिकाई बयान लिने र सम्बन्धित संपत्ति रोक्का राखी वा तीन महीना अघि देखि जस्को जिम्मामा छ उसैको जिम्मामा सुम्पन लगाई अदालतबाट हक बेहक छुट्याएर आउन आदेश दिन सक्नेछ । प्रमुख जिल्ला अधिकारीको उक्त निर्णयमा चित्त नबुझ्नेले सम्बन्धित अञ्चल अदालतमा ३५ दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले आफ्नो अञ्चल वा जिल्ला भित्र कुनै व्यक्तिले शान्ति भंग गर्न खोजको छ भन्ने कुरा गुप्तचर वा प्रहरी वा अरू कुनै श्रोतबाट थाहा हुन आएमा निजलाई झिकाई एक पटकमा बढीमा ३ वर्षसम्मको लागि धन जमानी, हाजिर जमानी वा फेल जमानी लिई वा नलिई अब उप्रान्त शान्ति भंग हुने काम गर्ने छैन भन्ने कागज गराउन सक्नेछ ।

७. प्रहरी कर्मचारी सम्बन्धी अधिकार र कर्त्तव्यः– (१) अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले प्रहरी कर्मचारी एवं अधिकृत जवानहरूले कानून बमोजिम काम कारवाई गरे नगरेको आवश्यक जाँचबुझ गर्न र निजहरू उपर परेको उजूरको सम्बन्धमा देहायबमोजिम गर्नु पर्दछः–

(क) प्रहरी ठाना, चौकी ठीक संग रहेको छ छैन भनी समय समयमा जाँचगरी त्यसको प्रतिवेदन एक प्रति श्री ५ को सरकार गृह पञ्चायत मन्त्रालयमा र एक प्रति प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्दछ । प्रमुख जिल्ला अधिकारीले जाँचेकोमा त्यस्को प्रतिवेदन अञ्चलाधीश कार्यालयमा पनि पठाउनु पर्दछ ।

(ख) आफ्नो अञ्चल वा जिल्लाको प्रहरी सम्बन्धी कुनै काम बन्दोबस्त गर्नु पर्ने देखिन आएमा आफ्नो राय समेत प्रमुख जिल्ला अधिकारीले अञ्चलाधीश कार्यालयमा र अञ्चलाधीशले श्री ५ को सरकार गृह पञ्चायत मन्त्रालयमा लेखी पठाउनु पर्दछ ।

(ग) प्रहरी कर्मचारीले आफ्नो कर्त्तव्य पालन गर्दा कानून विपरित कार्य गरेको आधारमा कसैले उजूर गरेमा त्यस्तो कार्य गर्ने कर्मचारी राजपत्रांकित अधिकृत स्तरको भएमा प्रमुख जिल्ला अधिकारीले अञ्चलाधीश कार्यालयमा र अञ्चलाधीशले गृह पञ्चायत मन्त्रालयमा आफ्नो सिफारिश एवं राय सहित आवश्यक कारवाईको लागि जाहेर गर्नु पर्छ र अन्य प्रहरी कर्मचारीको हकमा आफैले सम्बन्धित कार्यालयको प्रमुखको राय लिई विभागीय कारवाई गर्न सक्नेछ र राय नमिलेको खण्डमा श्री ५ को सरकार गृह पञ्चायत मन्त्रालयमा आवश्यक कारवाईको निमित्त पठाउनु पर्दछ ।

८. मुद्दा मामिला र पुनरावेदन सम्बन्धी अधिकारः– (१) देहायका मुद्दाहरूमा शुरू कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछः–

(क) सरकारी धनमाल चोरी मुद्दा ।

(ख) रू. ५०।– सम्म बिगो भएको साधारण चोरी मुद्दा ।

(ग) बगलीमारा सम्बन्धी मुद्दा ।

(घ) कालोबजार सम्बन्धी मुद्दा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) नाफाखोर सम्बन्धी मुद्दा ।

(च) नपुग नाप तौल प्रयोग गरी ठगेको मुद्दा ।

(छ) चली आएको देवी देवताको स्थानमा बाहेक स्त्रीजाती चौपाया मारेको सम्बन्धी मुद्दा ।

(२) प्रमुख जिल्ला अधिकारीले आफुकहाँ परेको उजूरीहरूको सिलसिलामा कुनै स्त्री वा नाबालकको धन सुरक्षित साथ राख्न लगाउन आवश्यक देखेमा सो धन जिल्लाका कुनै गण्यमाण्य व्यक्ति वा सरकारी कार्यालयको जिम्मामा सुरक्षित राख्न लगाउन सक्नेछ ।

(३) उपदफा (१) अन्तर्गतका पटके नजनिने मुद्दामा बढीमा रू. ५०।– सम्म जरिवाना गरी छिनेकोमा प्रमुख जिल्ला अधिकारीको निर्णय अन्तिम हुनेछ र निजको निर्णय उपर पुनरावेदन लाग्ने छैन । रू. ५०।– भन्दा बढी जरिवाना गरी छिनेको वा पटके जनिने मुद्दामा निजको निर्णय उपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।

(४) प्रमुख जिल्ला अधिकारीले मुद्दा छिन्दा प्रचलित नेपाल कानूनबमोजिम म्यादभित्र छिन्नु पर्दछ । विना कारण नछिनेमा निज उपर निजामती सेवा नियमावली बमोजिम विभागीय कारवाई हुन सक्नेछ ।

(५) देहायका कार्य गर्ने व्यक्तिलाई अंचलाधीश वा प्रमुख जिल्ला अधिकारीले एक पटकमा बढीमा ३ वर्षसम्मकोलागि धन जमानी, हाजिर जमानी वा फेल जमानी लिई वा नलिई अब उप्रान्त सो कार्य गर्ने छैन भन्ने कागज गराउन सक्नेछः–

(क) शान्ति भङ्ग गर्ने ।

(ख) बराबर चोरी डकैती वा कीर्ते गर्ने ।

(ग) चोरी ल्याएको माल हो भनी जानी जानीकन पनि लिने, किन्ने र बेच्ने ।

(घ) चोर डाँकालाई बस्न दिने, चोरी डकैती गरी ल्याएको माल लुकाउने अथवा लुकाउन मद्दत गर्ने ।

(ङ) जबरजस्ती करणी गर्ने ।

(च) ठगी गर्ने वा ज्यू मास्ने बेच्ने ।

(छ) जमानत नभई फुक्का रहन दिएमा समाजलाई खतरा हुन सक्ने शंका भएको खतरनाक व्यक्ति ।

८. प्रमुख जिल्ला अधिकारीको अरू काम, कर्तव्य र अधिकारहरूः– (१) अम्मल खाई सार्वजनिक स्थानमा बसेर लापरवाहीसाथ बोली हिंड्ने वा जथाभावी गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ, र अम्मलले छाडेपछि निजलाई मौखिक नसिहत दिन र फेरि पनि सोही कसूर गरेमा निजलाई पटकैपिच्छे बढीमा रू. २५।– पच्चीस जरिवाना गर्न सक्नेछ ।

आधिकारिकृता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बेवारिसी मालसामान कुनै ठाउँमा पाइएमा प्रमुख जिल्ला अधिकारीले मुलुकी ऐन, कल्याण धनको महल बमोजिम गर्नु गराउनु पर्दछ ।

(३) लाइसेन्स नभएको कारणबाट जफत भएको हातहतियार प्रमुख जिल्ला अधिकारीले श्री ५ को सरकार, गृह पञ्चायत मन्त्रालय वा श्री ५ को सरकारले तोकेको ठाउँमा बुझाउनु पर्दछ ।

(४) चोरी, डकैती, बदमाशी र फरार भएकोमा सजाय पाएको र बदमाश बदनियत देखिएको व्यक्तिहरूको नाम प्रहरीले पत्ता लगाई प्रमुख जिल्ला अधिकारीकहाँ ल्याएमा प्रमुख जिल्ला अधिकारीले पनि जाँची बुझी मनासिब देखिएमा त्यसको कारण समेत खोली निजहरूको नाउँको लगत बनाई एक प्रति अंचलाधीश कार्यालयमा र एक प्रति प्रहरी प्रधान कार्यालयमा र एक प्रति आफ्नो कार्यालयमा राख्नु पर्दछ । सो लगतबाट पछि थप हुन आउने व्यक्तिको हकमा पनि सो बमोजिम रीत पुऱ्याई थप गर्दै जनाउनु पर्दछ र ती व्यक्तिहरू उपर प्रमुख जिल्ला अधिकारीले निगरानी गर्दै गराउँदै रहनु पर्दछ ।

(५) प्रमुख जिल्ला अधिकारीले आफ्ना कार्यालयमा बसेका बखत र भ्रमण गर्न गएका बखत गरेको कामको आफूले रोज रोजको डायरी लेख्ने र मातहतका कार्यालय प्रमुखहरूलाई समेत निजहरूले गरेका कामको डायरी लेख्ने गर्न लगाई सो डायरीमा वर्ष दिनमा भएका कामको फाँटवारी तयार गराई अंचलाधीश कार्यालय र श्री ५ को सरकार गृह पञ्चायत मन्त्रालयमा एक प्रति पठाउने र पठाउन लगाउनु पर्दछ र एक प्रति आफ्ना कार्यालयमा राख्ने र राख्न लगाउनु पर्दछ ।

(६) सरकारी वा आफ्ना घरायसी काममा कुनै सरकारी कर्मचारीले सर्वसाधारण जनतालाई बिना पारिश्रमिक करकापले काम गर्न लगाएमा प्रमुख जिल्ला अधिकारीले निज उपर भ्रष्टाचार सम्बन्धी कानून अन्तर्गत कारवाई चलाउन लगाउन वा निजामती सेवा नियमावली अनुसार विभागीय कारवाईको लागि सम्बन्धित विभागीय प्रमुख समक्ष लेखी पठाउन सक्नेछ ।

(७) प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंसक जनावरले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएमा सो जनावरलाई मार्न लगाई छाला एवं शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाई दिन वा श्री ५ को सरकार वन मन्त्रालयले निर्देशन दिए बमोजिम गर्नु पर्दछ ।

(८) चोर, डाँका आदि व्यक्तिहरूलाई पक्राउ गर्नु पर्दा प्रमुख जिल्ला अधिकारीले पक्रने कुरासम्बन्धी उचित निर्देशन प्रहरीलाई दिन सक्नेछ ।

(९) राजस्व असूल तहसिल गर्ने सम्बन्धी कार्यमा प्रमुख जिल्ला अधिकारीले सम्बन्धित कार्यालयलाई पूर्ण रूपले सहयोग गर्नु पर्दछ ।

(१०) आफ्ना जिल्लाभित्रका अस्पताल, स्वास्थ्य केन्द्र, डिस्पेन्सरी र अरू सार्वजनिक स्वास्थ्य केन्द्रहरू र शिक्षण संस्थाहरू र अन्य सरकारी वा अर्ध सरकारी कार्यालयहरू-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मा राम्रो काम भएको छ छैन हेरी आवश्यक भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्ता सामाजिक महत्वको संस्था वा केन्द्र वा सरकारी वा अर्ध सरकारी कार्यालयहरूका गतिविधिबारे प्राविधिक विषय बाहेक अन्य काम कारवाईको सम्बन्धमा सम्बन्धित कार्यालय प्रमुखलाई निर्देशन दिन सक्नेछ ।

(११) आफ्-आफ्नो ज़िल्ला स्तरीय निर्माण एवं विकास कार्यहरूको सम्बन्धमा प्रत्येक प्रमुख जिल्ला अधिकारी कार्यालयमा एक एक समीक्षालय राख्नेछ । यस्ता समीक्षालयहरूले सम्बन्धित विषयहरूमा श्री ५ को सरकारका सम्बन्धित मन्त्रालय वा विभागहरू मार्फत् केन्द्रीय समीक्षालयमा आ-आफ्नो प्रगति विवरणहरू नियमित रूपमा पठाउनु पर्छ ।

१०. स्थानीय पञ्चायतहरूको लेखापरीक्षणः– लेखापरीक्षण गर्ने गराउने कर्तव्य जिल्ला पञ्चायतहरूको सम्बन्धमा अंचलाधीशको र नगर पञ्चायत र गाउँ पञ्चायतहरूको सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको हुनेछ । अन्तिम लेखापरीक्षणबाट ठहरिन आएका बेरूजुहरूको विषयमा अंचलाधीशले जिल्ला पञ्चायतहरूको सम्बन्धमा र प्रमुख जिल्ला अधिकारीले गाउँ तथा नगर पञ्चायतहरूको सम्बन्धमा देहायबमोजिम कारवाई गर्नु पर्नेछः–

(क) भ्रष्टाचार भएकोमा भ्रष्टाचारसम्बन्धी कानून अन्तर्गत कारवाई चलाउने ।

(ख) कसैसंग बाँकी, बक्यौता असूल गर्नु परेमा सरकारी बाँकी सरहको कारवाई गरी असूल गर्ने ।

(ग) भ्रष्टाचार वा बाँकी, बक्यौता नभै अनियमित खर्चसम्म भएकोमा त्यसको प्रतिवेदन जिल्ला पञ्चायतको अनियमित खर्चको सम्बन्धमा सम्बन्धित जिल्ला सभामा र नगर पञ्चायत वा गाउँ पञ्चायतको अनियमित खर्चको सम्बन्धमा सम्बन्धित जिल्ला पञ्चायतमा पठाउन लगाउने ।

## परिच्छेद– ४

## विविध

११. अधिकार प्रत्यायोजनः– (१) अदालत बाहेक अन्य कुनै अधिकारी वा संस्थालाई यो अध्यादेश वा अन्य कुनै प्रचलित नेपाल कानूनबमोजिम सामान्य वा विशेषरूपले प्राप्त भइरहेको अधिकारहरू मध्ये सबै वा केही श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित जिल्ला पञ्चायत, नगर पञ्चायत, गाउँ पञ्चायत वा अन्य कुनै अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यो अध्यादेश वा अन्य प्रचलित नेपाल कानूनबमोजिम आफूलाई प्राप्त भएको अधिकारहरूमध्ये सबै वा केही अधिकारहरू अंचलाधीशले आफ्नो मातहतका अधिकृत वा प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना श्री ५ को सरकारलाई दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यो अध्यादेश वा अन्य प्रचलित नेपाल कानूनबमोजिम आफूलाई प्राप्त भएको अधिकारहरूमध्ये सबै वा केही अधिकारहरू प्रमुख जिल्ला अधिकारीले आफ्नो क्षेत्रभित्रका कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना अंचलाधीशलाई दिनु पर्नेछ र अंचलाधीशले पनि सो सूचना प्राप्त भएपछि श्री ५ को सरकारलाई सूचना गर्नु पर्नेछ ।

तर प्रमुख जिल्ला अधिकारीले मुद्दा हेर्ने अधिकार प्रत्यायोजन गर्न सक्ने छैन ।

१२. नियमहरू बनाउने अधिकारः– यस अध्यादेशको उद्देश्य कार्यान्वित गर्नका लागि श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

१३. मुद्दाहरू सर्नेः– यो अध्यादेश प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित नेपाल कानून अन्तर्गत अंचलाधीशलाई भएको अधिकारबमोजिम अंचलाधीशछेउ दायर भई छिन्न बाँकी रहेका मुद्दाहरूमध्ये यस अध्यादेशको दफा ८ बमोजिम प्रमुख जिल्ला अधिकारीलाई हेर्ने अधिकार भएका मुद्दाहरू जति यो अध्यादेश प्रारम्भ भएपछि प्रमुख जिल्ला अधिकारीमा सर्ने छन् र प्रमुख जिल्ला अधिकारीबाट कारवाई र किनारा हुनेछ ।

१४. बचाउः– (१) यो अध्यादेश वा यस अध्यादेश अन्तर्गतको नियम वा आदेशमा लेखिएको कुरामा सोहीबमोजिम र अरूमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

१५. खारेजीः– देहायका नेपाल कानूनहरू खारेज गरिएको छः–

(क) स्थानीय प्रशासन ऐन, २०२२

(ख) मधेश गोस्वारा ऐन, २०१२

(ग) काठमाडौं उपत्यकाञ्चल कमिश्नर मेजिष्ट्रेटको सवाल, २००६

(घ) गौंडा गोस्वारासम्बन्धी प्रशासन (सामयिक व्यवस्था) ऐन, २०१६

(ङ) मधेश गोस्वारा ऐन, २०१२ (पहाडतर्फ समेत) लागू गर्ने ऐन, २०१४ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

### अंचल तथा जिल्लाहरूको संख्या र नाम

अंचलहरूको संख्या:– १४

जिल्लाहरूको संख्या:– ७५

| अंचल | जिल्ला |
|---|---|
| १. मेची | १. ताप्लेजुङ्ग |
| | २. पाँचथर |
| | ३. इलाम |
| | ४. झापा |
| २. कोशी | १. संखुवासभा |
| | २. तेह्रथुम |
| | ३. धनकुटा |
| | ४. मोरङ्ग |
| | ५. सुनसरी |
| ३. सगरमाथा | १. सोलुखुम्बु |
| | २. भोजपुर |
| | ३. खोटाङ |
| | ४. ओखलढुंगा |
| | ५. उदयपुर |
| | ६. सप्तरी |
| | ७. सिराहा |
| ४. जनकपुर | १. दोलखा |
| | २. रामेछाप |
| | ३. सिंधुली |
| | ४. धनुषा |
| | ५. महोत्तरी |
| | ६. सर्लाही |
| ५. वाग्मती | १. सिंधुपाल्चोक |
| | २. रसुवा |
| | ३. काभ्रेपलाञ्चोक |
| | ४. भक्तपुर |
| | ५. ललितपुर |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | ६. काठमाडौं |
| | ७. नुवाकोट |
| | ८. धादिङ |
| ६. नारायणी | १. मकवानपुर |
| | २. रौतहट |
| | ३. बारा |
| | ४. पर्सा |
| | ५. चितौन |
| ७. गण्डकी | १. गोरखा |
| | २. मनाङ |
| | ३. लमजुङ |
| | ४. कास्की |
| | ५. पर्वत |
| | ६. तनहूँ |
| | ७. स्याङ्गजा |
| ८. लुम्बिनी | १. गुल्मी |
| | २. पाल्पा |
| | ३. अर्घाखाँची |
| | ४. नवलपरासी |
| | ५. रूपन्देही |
| | ६. कपिलवस्तु |
| ९. धवलागिरि | १. मुस्ताङ |
| | २. डोल्पा |
| | ३. म्याग्दी |
| | ४. बाग्लुङ |
| १०. राप्ती | १. रुकुम |
| | २. रोल्पा |
| | ३. प्यूठान |
| | ४. सल्यान |
| | ५. दाङ देउखुरी |
| ११. कर्णाली | १. मुगू |
| | २. हुम्ला |
| | ३. तिबुकोट |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

25

| | |
|---|---|
| | ४. जुम्ला |
| १२. भेरी | १. जाजरकोट |
| | २. दैलेख |
| | ३. सुर्खेत |
| | ४. बाँके |
| | ५. बर्दिया |
| १३. सेती | १. बाजुरा |
| | २. बझाङ |
| | ३. अछाम |
| | ४. डोटी |
| | ५. कैलाली |
| १४. महाकाली | १. दार्चुला |
| | २. बैतडी |
| | ३. डँडेल्धुरा |
| | ४. कञ्चनपुर |

लालमोहर सदर मिति– २०२८।१।५।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

20

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22